# उत्तरगया गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

लहरेपौवा,रसुवा
वागमती प्रदेश, नेपाल

## शिलवन्दी दरभाउपत्र आव्हान गरिएको सूचना

(प्रथम पटक प्रकाशित मिति :२०७७।१०।०७)

यस उत्तरगया गाउँपालिकाको कार्यालयको लागि तपशिल बमोजिमको इलेक्ट्रोनिक सामाग्रीहरु शिलवन्दी दरभाउपत्रको माध्यमद्वारा खरिद गर्नु पर्ने भएकोले ईजाजत प्राप्त इच्छुक फर्म, संस्था तथा सप्लायर्सहरुबाट निम्न शर्तहरुको अधिनमा रही रीतपुर्वकको सिलवन्दी दरभाउपत्र आव्हान गरिएको छ ।

**शर्तहरु :**

१.तपशिलमा उल्लेखित दस्तुर (रकम फिर्ता नहुने गरी) यस कार्यालयको नाममा रहेको हिमालय बैंक, बेत्रावती, रसुवा शाखामा रहेको आन्तरिक आम्दानी खाता नं. ०४४०७७४१२८००१९ (राजस्व खाता) मा जम्मा गरेको सक्कलै बैंक भौचर, आ.ब. ०७६।०७७ को कर चुक्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर (PAN)/मु.अ. करमा दर्ता भएको प्रमाणपत्र, नविकरण सहितको सप्लायर्स इजाजत पत्रको प्रमाणित प्रतिलिपी र निवेदन संलग्न गरी यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औ दिन सम्म खरिद गर्न सकिनेछ । खरिद भएको दरभाउपत्र सम्बन्धित कागजात १६ औ दिन (२०७७।१०।२२ गते) को १२:०० बजे सम्म यस कार्यालयको नाममा सम्बोधन गरी कामको विबरण, दरभाउपत्र दाताको नाम, ठेगाना र फोन नं.समेत स्पष्ट खुलाई फर्मको छाप लगाई शिलबन्दी दरभाउपत्र फाराम पेश गर्नु पर्नेछ ।

२.रितपुर्वक प्राप्त भएका शिलवन्दी दरभाउपत्रहरु मिति २०७७।१०।२२ गते दिनको १:०० बजे कार्यालयको प्रतिनिधिहरु र दरभाउपत्र दाता वा निजको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ । दरभाउपत्र दाता वा निजको प्रतिनिधिहरु उपस्थित नभएमा दरभाउपत्र खोलिने कार्यमा कुनै बाधा पर्ने छैन ।

३ दरभाउपत्र विक्री तथा दाखिला गर्ने अन्तिम दिन एंव खोल्ने दिन सार्वजनिक विदा परेमा उक्त कार्य विदाको लगतै पछि कार्यालय खुलेको दिन सोही बमोजिम हुनेछ ।

४ दरभाउपत्र जमानत यस कार्यालयको नाममा रहेको हिमालय वैक वेत्रावती शाखा स्थित धरौटी खाता नं ०४४०७७४१२८००१४ मा जम्मा गरेको सक्कल बैंक भौचर वा सो बराबरको नेपाल राष्ट्र बैंकबाट क वर्गको मान्यता प्राप्त बैक वा कुनै वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको कार्य प्रयोजन एंव ठेक्का नं.अनिवार्य रुपमा उल्लेख भएको दरभाउपत्र जमानत (दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिबाट ७५ दिन सम्मको म्याद भएको) पेश गर्नु पर्नेछ ।

५ दरभाउपत्र दाताले दरभाउपत्रमा दररेट भर्दा मु.अ.कर बाहेकको दररेट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षर दुवैमा स्पष्ट लेखी प्रत्येक पानामा सहिछाप गरेको हुनु पर्नेछ । अंक र अक्षर फरक परेमा अक्षर लेखिएकोलाई मान्यता दिइनेछ । केरमेट भएको ठाउँमा दरभाउपत्र दाताले सहिछाप भएको हुनु पर्नेछ ।

६. शिलबन्दी दरभाउपत्र सम्बन्धी अन्य कुनै कुरा बुझ्न परेमा कार्यालयको फोन नं.९८५१२५४७९० मा सम्पर्क गर्न सक्नुहुनेछ वा www.uttargayamun.gov.np हेर्न सक्नुहुनेछ ।

७. रीत नपुगेका शर्त राखिएका र म्याद नाघी प्राप्त हुन आएका शिलबन्दी दरभाउपत्र उपर कुनै कारवाही हुने छैन साथै दरभाउपत्र आंशिक रुपमा वा पुरै स्वीकृत गर्ने वा नगर्ने एवं सुचना रद्द गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

८. यस सूचनामा छुट भएका अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ तथा अन्य प्रचलित ऐन नियम बमोजिम हुनेछ ।

**तपशिल**

| ठेक्का नं | विवरण | ल.ई रकम मु.अ.कर बाहेक रु. | धरौटी रकम | दरभाउपत्र दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|
| URM/SQ/2/077/078 | Procurement of Desktop Computer-5, Laptop computer-8, Printer-5, Scanner-5, Smart TV-8, Cc Camera-3, 4g pocket wifi router-5 and Internet-8 | १४,८६,१००/- | ५०,०००।- | १,०००।- | |

प्रमुख प्रशासकिय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत